**आ.व. २०८३।०८४ का लागि सिद्ध कुमाख गाउँ सभाको १९ औं अधिवेशनमा प्रस्तुत**

# वार्षिक नीति तथा कार्यक्रम

प्रस्तुतकर्ता :-भरत गिरी — अध्यक्ष सिद्ध कुमाख गाउँपालिका
२०८३ आषाढ ७ गते

सिद्ध कुमाख गाउँपालिका
ढोरचौर सल्यान
कर्णाली प्रदेश नेपाल

यस सभाका उपाध्यक्ष, सचिव तथा सभा सदस्यज्यूहरु,

१. सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको बलिदानीपूर्ण ऐतिहासिक संघर्षबाट प्राप्त संविधानसभाबाट घोषणा भएको नेपालको संविधानले व्यवस्था गरेको संघीय शासन प्रणालीको अवधारणा अनुरुप गठित सिद्ध कुमाख गाँउपालिकाको १९ औं गाँउसभा समक्ष आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु ।

२. यस विशिष्ट अवसरमा सिद्ध कुमाख गाउँपालिकाको गरिमामय गाउँसभा समक्ष आगामी आर्थिक बर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्नुपुर्व नेपालको लोकतान्त्रिक आन्दोलनका प्रेरणाका अग्रजलाई स्मरण गर्दै नागरिक सर्वोच्चता, स्वतन्त्रता, सुशासन, भ्रष्टाचार नियन्त्रण, आर्थिक रूपान्तरण र जनउत्तरदायी शासन प्रणाली स्थापनाको आकाङ्क्षसहित २०८२ भदौ २३ र २४ गते युवापुस्ताको ऐतिहासिक सहभागितामा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने नागरिक तथा राष्ट्रसेवक एवम् प्रजातन्त्र, संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशीता, स्वतन्त्रता र समाजिक न्यायको लागि विभिन्न आन्दोलनमा सहादत प्राप्त गर्नुहुने ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण तथा घाइते हुनुभएका सम्पूर्ण योद्धाहरूको शीघ्र र पूर्ण स्वास्थ्य लाभको कामना गर्दछु।

३. सिद्ध कुमाख गाँउपालिकाले समावेशी, दिगो र उच्च आर्थिक बृद्धि हासिल गर्दै आर्थिक, समाजिक रुपान्तरण र समाजिक न्याय कायम गर्न शिक्षा, स्वास्थ्य, कृषि उत्पादन र रोजगार, जीवनस्तरमा रुपान्तरण र दिगो पूर्वाधार भन्ने मुल ध्येयका साथ आगामी आर्थिक वर्ष २०८३/०८४ को वजेट तथा कार्यक्रम तर्जुमा गरिने छ । अबको हाम्रो गन्तव्य गरिवी  निवारणका लागि आर्थिक समृद्धि, सुशासन, सामाजिक समावेशीकरण, समावेशी विकास, सामाजिक न्याय सहितको आयको समान वितरण तर्फ हुनु जरुरी छ । यस्तो महत्वपूर्ण घडिमा हुन गईरहेको गाउँ सभाको शुभारम्भ सत्रमा सबै महानुभावहरुमा आभार व्यक्त गर्न चाहन्छु । समृद्ध गाउँपालिका बनाउने दिशामा

केन्द्रित भइ अव म यस गाँउसभा समक्ष सिद्ध कुमाख गाँउपालिकाको विनियोजन विधेयक, २०८३ मा समावेश हुने वजेट तथा कार्यक्रमका सिद्धान्तहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

४. नेपालको संविधानले निर्दिष्ट गरेको लोक कल्याणकारी राज्यको अवधारणा, नागरिकको मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्तहरु, समाजवाद उन्मुख अर्थतन्त्र, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अनुरुप संघ, प्रदेश र स्थानीय तह वीचको सहअस्तित्व, सहकार्य र समन्वय, सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा सामाजिक न्याय सहितको आर्थिक विकास र समृद्धिलाई आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको सिद्धान्तको रुपमा अंगिकार गरिने छ ।

५. वर्तमान युग सूचना प्रविधिको युग हो । सूचना प्रविधिको यथेष्ट उपयोगबाट आज कैंयौ मुलकका साथै हाम्रै देशका स्थानीय सरकारले उल्लेख्य प्रगती हासिल गरिसकेका छन् । यस परिप्रेक्ष्यमा अबको हाम्रो विकास सूचना र तथ्यांकको विश्लेषण र अनुसन्धानमा आधारित रहेर हुनु पर्दछ । यसका लागि गाउँपालिकाको भूगोल, जनसंख्या, प्राकृतिक स्रोत साधन, संस्कृति, क्षमता र सम्भावनाहरुको तथ्यगत विवरण तयार गरी दुरुस्त राख्ने तर्फ हाम्रो ध्यान जानु पर्दछ ।

६. सिद्ध कुमाख गाउँपालिकाको आन्तरिक आय वृद्धिका संवाहक कृषि, उद्योग, पर्यटन, जलस्रोत, बहाल विटौरी,व्यापार व्यवसाय जस्ता क्षेत्रहरुको सही उपयोग नै हो । सार्वजनिक, नीजि र सहकारी क्षेत्रको समेत यस क्षेत्रमा लगानी केन्द्रित गराउनु हामी सबैको उतिकै दायित्व छ । यसका लागि सम्बन्धित पक्षलाई प्रेरित गर्न सक्नु पर्दछ । गाउँलाई कृषिमा आत्मनिर्भर बनाउन, किसानका समस्या सम्बोधन गर्न तथा कृषि उत्पादनलाई बढावा दिन हरेक वडामा कृषि तथा पशु सेवा प्राविधिक खटाइएको छ । कृषि तथा पशुपालनको व्यवसायीकरण र बजारीकरणका लागि पकेट क्षेत्र घोषणा गरी सो क्षेत्रमा लगानी बढाउनु जरुरी छ

७. पर्यटन उद्योग मार्फत गाउँपालिकाको आम्दानी वृद्धि गर्नका लागि ऐतिहासिक महत्वका मठमन्दिर, भाषा र संस्कृतिको संरक्षण सम्वर्धन गर्नुका साथै शहरीकरणका लागि आवश्यक पूर्वाधारको निर्माण तथा व्यवस्थापन गर्दै शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत,

इन्टरनेट र वैंकिङ्क क्षेत्रमा गाउँपालिका वासीको सहज पहुँचमा महत्व दिनु आवश्यक रहेको छ ।

८. स्थानीय सरकार आम जनताको चुल्होको सरकार हो । यही मूलमर्मलाई ध्यानमा राखी अशक्त अपाङ्ग एवम् जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षा भत्ता उहाँहरुकै वडा वडामा वितरण गरिदै आएको छ । यसै गरेर जेष्ठ नागरिकहरुलाई घरघरमै स्वास्थ्य परीक्षण एवम् औषधि उपचारको ब्यवस्था गरिएको छ । ग्रामीण अल्ट्रासाउण्ड सबै वडामा संचालन गरिएको छ ।

९. बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, नेपाल सरकारको सोह्रौ पञ्चवर्षीय योजना, दीगो विकासका लक्ष्यहरु, नेपाल सरकारको १०० बुँदे कार्ययोजना, कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र, सिद्ध कुमाख गाँउपालिकाको १५ वर्षे बृहत गुरुयोजना, सिद्धकुमाख गाउँपालिकाको १० वर्षे शिक्षा योजना, सिद्ध कुमाख गाउँपालिकाको दोस्रो पञ्चवर्षिय आवधिक योजना, गाउँपालिका अन्रतगतका विभिन्न विषयगत समिति, शाखा तथा इकाइहरुले तयार गरेका योजनाहरु, स्थानीय सरकार संचालन ऐन २०७४, समृद्ध नेपाल र सुखी नेपालीको दीर्घकालिन राष्ट्रिय आकांक्षा, समृद्ध कर्णाली सुखारी कर्णालीबासी भन्ने प्रदेश सरकारको अपेक्षा, सिद्ध कुमाख गाउँपालिकाको मध्यमकालिन खर्च संरचना र सिद्ध कुमाखबासी आमाबुवा तथा दाजुभाइ दिदीबहिनीहरुको आवश्यकता र चाहनालाई समेत ध्यानमा राखि मुख्य आधारको रुपमा लिइने छ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

**अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।**

**क) शिक्षा**

१. "**प्रविधिमैत्री कक्षाः गुणस्तरीय शिक्षा**" भन्ने मूल नाराका साथ दक्ष जनशक्तिको उपलब्धता सहित डिजिटल पूर्वाधारको विस्तार गरी प्रविधिको प्रयोगलाई बढवा दिइनेछ।शिक्षाको गुणस्तर सुधार गर्न भौतिक पूर्वाधार सुधार गर्ने कार्यलाई निरन्तरता

दिइनेछ। स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकास कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

२. शिक्षामा सबैको समतामुलक पहुँच अभिवृद्धि गर्दै माध्यमिक तह कक्षा १० सम्मको शिक्षालाई पूर्ण निशुल्क गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

३. विद्यालय नक्साङ्कन, समायोजन, प्रधानाध्यापक व्यवस्थापन, शिक्षक दरबन्दी मिलान जस्ता कार्यलाई एकीकृत योजना मार्फत कार्यान्वयनमा ल्याइनेछ।

४. शिक्षकको पेसागत विकास, विषयगत शिक्षक समुह परिचालन, व्यवस्थापन तथा क्षमता विकासका अवसरहरु प्रदान गरिनेछ। विद्यालय सुपरीवेक्षणलाई प्रभावकारी बनाउन स्रोत विज्ञ तथा रोष्टर शिक्षक परिचालनलाई थप प्रभावकारी बनाइनेछ।परीक्षा प्रणालीलाई स्वच्छ, मर्यादित, चिटरहित र भयरहित वातावरणमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

५. स्थानीय उत्पादनमा आधारित दिवा खाजा व्यवस्थापनलाई प्रोत्सान गर्दै सबै विद्यार्थीलाई निशुल्क पाठ्यपुस्तकको पहुँच हुनेछ।गरिविको रेखामुनि रहेका विपन्न, दलित , जेहेन्दार, पिछडिएका र अपाङ्गता भएका वालवालिकालाई विशेष छात्रवृत्ति तथा शैक्षिक प्रोत्साहन गरिनेछ।विद्यालय वाहिर रहेका वालवालिकाको तथ्याङंक संकलन गरी विद्यालय भर्ना तथा बैकल्पिक शिक्षाको अवसर प्रदान गर्न आवश्यक पहल गरिनेछ।

६. कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरुका लागि गुणस्तरीय सेनिटरी प्याड तथा डिस्पोजल मेसिन निशुल्क उपलब्ध गराइनेछ। वालिका तथा समावेशी शिक्षा संजाललाई विस्तार र व्यवस्थित गर्दै विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

७. गाउँपालिका अनुदान शिक्षक /कर्मचारी र संघीय अनुदान कोटामा कार्यरत वालविकास सहजकर्ता र विद्यालय कर्मचारीलाइ प्रदान गरिदैं आएको थप सेवा सुविधालाई निरन्तरता दिइनेछ।

८. स्वीकृत आवधिक शिक्षा योजनामा भएका कार्यक्रमहरुलाई प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याइनेछ।आधारभुत सिकाइ प्रवर्धन, शैक्षिक सुशासन प्रवर्धनका लागि

शैक्षिक कार्यक्रम  तथा प्रति विद्यार्थी लागतका आधारमा विद्यालयमा निकासा दिने रकमलाई मितव्ययी र प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ।

९. शिक्षामा समतामूलक पहुँच, समावेशिता, गुणस्तर अभिवृद्धि तथा सामुदायिक सहभागिता मार्फत दिगो शैक्षिक विकासमा योगदान पुर्याउने नीति लिइनेछ ।

१०. विद्यार्थीलाई जीवन उपयोगी ज्ञान र सीप सिकाउन विद्यालयमा अतिरिक्त क्रियाकलापको रुपमा **"हप्ताको एक वारः किताव रहित शुक्रवार"** भन्ने मान्यताका साथ अतिरिक्त क्रियाकलाप र परियोजना कार्यलाई प्रोत्साहित गरिनेछ। विद्यालयमा हुन सक्ने हिंसा, दुर्व्यवहार र सबै प्रकारका द्वन्दको अन्त्य गरी  विद्यालयको वातावारण  सुरक्षित र  संस्कारयुक्त बनाउन आवश्यक पहल गरिनेछ।

११. खेलकुद क्षेत्रको विकास र विस्तार गर्दै पालिकास्तरीय अध्यक्षकप, राष्ट्रपति रनिङ शिल्ड र क्रिकेट खेलकुद प्रतियोगिता जस्ता खेलकुदको आयोजना गरी  विद्यार्थी तथा युवाहरुको प्रतिभा  पहिचान  गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**ख) स्वास्थ्यः**

१. "**गाउँपालिकाको सान जेष्ठ नागरिकको सम्मान**" भन्ने मुल उदेश्यका साथ जेष्ठ नागरिकहरुको स्वास्थ्य र दिर्घायु जीवन रक्षाका लागी घरदैलो उपचार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. आर्थिक अभावका कारण आँखा तथा कानको समस्या तथा अपरेशन गर्न नसकेका नागरिकहरुलाई पायक पर्ने ठाउँमा आँखा तथा कानको जाँच गरी अपरेशन गर्नु पर्ने विरामीलाई  नि शुल्क अपरेशनको व्यवस्था  गरिनेछ ।

३. बढ्दै गरेको दिर्घ  वा नसर्ने रोगहरु सम्वन्धी नागरिक सचेत बनाउ भन्ने अभियान अन्तर्गत टोल टोलमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४. **"पोषणयुक्त खाना खाऔ सशक्त बनौं"** भन्ने नाराका साथ सुनौलो १००० दिनका  आमा र बालबालिकाहरुको पोषण अवस्था सुधार गर्न र सकारात्मक व्यवहार परिवर्तनका लागि सबै १००० दिने आमा र बच्चाहरुलाई अध्यक्ष पोषण पिठो र उपाध्यक्ष पोषण कोशेली प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

५. दुइवर्ष मुनिका बालबालिकाहरु मध्ये १८ पटक भन्दा बढी तौल लिने बालबालिकाहरुलाई प्रोत्साहन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
६. पाठेघरको मुखको क्यान्सर हुन नदिनका लागी एच पि भि खोप अभियान सञ्चालन गरिनेछ भने ३० वर्ष माथिका महिलाहरुका लागी पाठेघरको क्यान्सर जाँचको लागी VIA camp सञ्चालन गरिने व्यवस्था मिलाईनेछ ।
७. सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
८. आकस्मिक स्वास्थ्य सेवामा टेवा पुर्याउन एम्बुलेन्स सेवालाई प्रभावकारी बनाईनेछ ।
९. विपन्न नागरिकहरुका लागी निःशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई लागु गरिनेछ
१०. विदाको दिनमा समेत काम गर्ने गरी व्यवस्था मिलाई उक्त समयमा काम गर्ने स्वास्थकर्मिलाई प्रोत्साहनको ब्यवस्था गरिनेछ ।
११. नागरिकहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै पर्याप्त औषधीको व्यवस्थापन र विशेषज्ञ सेवा दिनको लागि डाक्टर सहितको घुम्ति शिविर सञ्चालन गरिनेछ ।

## ग) कृषि सहकारी तथा पशुपन्छी

१. गाउँपालिकाले स्थानीय स्तरमा कृषकहरूको उत्पादन क्षमता अभिवृद्धि गर्न, खाद्य सुरक्षालाई सुदृढ गर्न तथा कृषिमा आधारित आत्मनिर्भरता स्थापना गर्न कृषि विकास सम्बन्धी नीति अवलम्बन गरिनेछ।
२. गाउँपालिकाले रासायनिक मल र विषादीको प्रयोग घटाएर प्राङ्गारिक उत्पादनलाई प्राथमिकता दिने र प्राङ्गारिक खेती गर्ने कृषकहरूलाई बीउ, मल, तालिम तथा उपकरणमा अनुदान उपलब्ध गराउनेछ।
३. उच्च उत्पादकत्व युक्त तरकारी, खाद्यान्न बालीका बीउबिजन तथा उन्नत जातका फलफूलका बिरुवाहरू अनुदानमा वितरण गरी उत्पादन वृद्धि र आत्मनिर्भरता हासिल गर्न सहयोग गरिनेछ।
४. आकस्मिक बाली संरक्षण तथा बाली उपचार घुम्ती शिविर (प्लान्ट क्लिनिक) कार्यक्रमलाई निरन्तरता दिइनेछ।
५. प्याज तथा मुलाको बीउ उत्पादन प्रवर्द्धनका लागि मूल बीउ, मल, प्राविधिक सेवा, तालिम तथा आवश्यक उपकरणमा सहयोग प्रदान गरिनेछ।

६. खाद्य तथा पोषण सुरक्षा सुधार तथा रैथाने बाली संरक्षण, संवर्द्धन र उपयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

७. माटो परीक्षण कार्यक्रम सञ्चालन गरी माटोको उर्वराशक्ति सुधार तथा सन्तुलित पोषण व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

८. पालिकाभित्र दर्ता तथा कार्यरत कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि तथा संस्थागत सुदृढीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

९. बेमौसमी तरकारी उत्पादन तथा व्यावसायिक खेती प्रवर्द्धन गरी कृषकहरूको आयआर्जन वृद्धि गर्न उत्पादनमा आधारित आवश्यक अनुदान उपलब्ध गराइनेछ।

१०. अदुवा, बेसार, टिमुर लगायत उच्च मूल्य तथा मसला बालीको उत्पादन, प्रशोधन र बजारीकरणलाई प्रोत्साहन गरिनेछ।

११. जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलनका लागि जलवायुमैत्री कृषि प्रविधि विस्तार गरिनेछ। कृषि यान्त्रिकरणलाई विशेष जोड दिइनेछ ।

१२. कृषि तथा पशु बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन जोखिम न्यूनीकरण सम्बन्धी सचेतना तथा सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१३. कृषकहरूको तथ्याङ्क अद्यावधिक गरी गाउँपालिकाको कृषि प्रोफाइल तयार गरिनेछ।

१४. "एक वडा—एक उत्पादन" अवधारणालाई कार्यान्वयन गर्दै स्थानीय सम्भावना र स्रोतका आधारमा विशेष कृषि तथा पशु उत्पादन क्षेत्र विकास गरिनेछ।

१५. कृषि क्षेत्रको समग्र विकासका लागि संघीय तथा प्रदेश सरकार, निजी क्षेत्र, सहकारी र विकास साझेदार संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।

१६. कृषि उत्पादन, उत्पादकत्व र आम्दानी वृद्धि गर्न पकेट तथा ब्लक विकास कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

१७. कृषिमा आधारित उद्यम विकास, कृषि पर्यटन तथा कृषि व्यवसायीकरणलाई प्रोत्साहन गरी स्थानीय रोजगारी सिर्जना गरिनेछ।

१८. पशुपालन व्यवसायलाई व्यावसायिक, आधुनिक, उत्पादनमुखी तथा व्यवसायीकरण गर्दै पशुपालक किसानको आयस्तर वृद्धि गरिनेछ।

१९. पशुजन्य उत्पादन (दूध, मासु, अण्डा तथा अन्य उत्पादन) वृद्धि गरी स्थानीय उत्पादन र आत्मनिर्भरतालाई प्रोत्साहन गरिनेछ।

२०. सिद्ध कुमाख गाउँपालिकाले पशुपंक्षिहरुको महामारी रोग बिरुद्धको खोप तथा प्राथमिक उपचार सेवा निःशुल्क उपलब्ध गराउने ब्यवस्था मिलाईने छ ।

२१. पशु सेवा प्राविधिक जनशक्ति प्रत्येक वडामा ब्यबस्था गरिनेछ साथै गोठ वा खोरमा नै प्राविधिक पुगी सेवा उपलब्ध गराउने व्यवस्था मिलाईने छ।
२२. सबै वडाका विभिन्न दुर्गम बस्ती तथा किसानको पहुँचमा पशु स्वास्थ्य सेवा नियमित लिन नसकेका किसानहरुलाई घुम्ती पशु स्वास्थ्य शिबिर कार्यक्रमबाट सम्बोधन गर्न निरन्तरता दिईनेछ ।
२३. दुग्ध उत्पादनलाई वृद्धि गर्न भैसी प्रबर्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
२४. पशु वस्तुको नश्ल सुधारका लागि कृतिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ
२५. पशु विज्ञान विषयमा अध्ययनरत विद्यार्थीहरुलाई कृषकको घर/गोठमा नै सिकाई स्थलको रुपमा प्रयोग गर्नेगरी (On the Job Training) मा आवद्ध गरिनेछ।
२६. हरियो घाँस उत्पादन तथा पशु आहार व्यवस्थापनका लागि घाँसको बीउ तथा बेर्ना वितरण गरिनेछ।

## घ) लैंगिक समानता र सामाजिक समावेशीकरण

१. बालमैत्री स्थानीय शासन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।बालक्लवका पदाधिकारीहरुलाई सक्रिय बनाइ बालविवाह न्यूनिकरणका लागि चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
२. सामाजिक विभेदलाई न्यूनिकरण गर्न र समानुपातिक सहभागिताको लागि महिला पुरुष समविकास तालिम कार्यक्रम संचालन गरिनेछ ।
३. महिलाहरुको क्षमता विकास गर्न सिपमूलक तालिम प्रदान गरिनेछ ।
४. किशोरीहरुलाई नेतृत्व क्षमता विकास गर्न र जीपनोपयोगी सीप सिकाउनको लागि उपाध्यक्षसँग किशोरी कार्यक्रम संचालन गरिनेछ ।
५. अपाङ्गता भएका व्यक्तिहरु पहिचान गरी आवश्यक सहायक सामग्री वितरण गरिनेछ ।
६. जातिय छुवाछुत विरुद्धको सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
७. जेसी लेखा परीक्षण कार्यक्रम संचालन गरिनेछ र GEDSI नीति तथा रणनीति तयार पारिनेछ
८. जेष्ठ नागरिकहरुको सम्मान तथा अन्तर्क्रिया कार्यक्रम संचालन गरिनेछ ।

### ङ) भौतिक पूर्वाधार विकास

१. उज्यालो सिद्ध कुमाख बनाउनको लागि विधुत नपुगेका टोल बस्तीहरुमा विधुत विस्तार कार्यलाई थप प्रभाकारी बनाइनेछ ।

२. ढोरचौर-फलाटे-छापडाडा सडकलाई स्थानीय गौरवको योजनाको रुपमा लिई स्तरोन्नती तथा कालोपत्रे गर्ने कार्यलाई निरन्तरता बढाइनेछ ।

३. उचाल्ने खार्वन सडक स्तरोन्ती र सिमपाखा मर्मालचौर उचाल्ने सडकलाई निर्माण गरी सडक सञ्जाललाई प्रभावकारी बनाइनेछ ।

४. विद्यालय भवनको अभावमा विद्यार्थीहरु जिर्ण भवनमा वसेर अध्ययन गर्दा शैक्षिक गुणस्तरमा समेत बाधा पर्ने कुरालाई मध्यनजर गर्दै जिर्ण अवस्थामा रहेका विद्यालयहरुलाई मर्मत तथा नयाँ भवन निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

५. गाउँपालिकाको गौरवको योजनाको रुपमा रहेको शारदा देविदर्का लिफ्ट खानेपानीलाई प्रभावकारी बनाउन एक घर एक धारा बनाउने नीतिलाई कार्यान्वयन गरिनेछ ।

६. सिद्ध कुमाख गाउँपालिका भित्रका पर्यटकीय स्थान पहिचान गरी प्रवर्धन गरिनेछ ।

७. दिगो सिचाइ व्यवस्थापन गरी गाउँपालिकाको कृषि उत्पादनलाई विशेष जोड दिइनेछ ।

८. सिद्धेश्वरी स्वास्थ्यचौकीबाट प्रदान गर्दै आएको स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन नयाँ भवन निर्माण गरी आवश्यक पूर्वाधारको व्यवस्थापन गरिनेछ ।

### च) वन, बातावरण र विपद

१. यस गाउँपालिकाभित्र रहेका नदी तथा खोलाहरुको प्रारम्भिक वातावरणीय परीक्षण गरी नदिजन्य पदार्थहरुको उत्खनन, संकलन र विक्री वितरण गरी आन्तरिक राजस्व वृद्धि गरिनेछ ।

२. हरियाली प्रवर्धन गर्नको लागि सामुदायिक विद्यालय र सार्वजनिक क्षेत्रहरुमा वृक्षारोपन कार्यक्रम संचालन गरिनेछ ।

३. बाढी, पहिरो तथा आगलागी लगायतका विपदको समयमा खोज उद्धार तथा सुचना संकलनको व्यवस्था मिलाईनेछ । पिडीतलाई कार्यविधिले निर्दिष्ट गरेको आधारमा राहत तथा आर्थिक सहायता उपलब्ध गराउने कार्यलाई निरन्तरता प्रदान गरिने छ।

४. विपद व्यवस्थापन कार्यलाई उच्च प्रथामिकताका साथ लिनको लागि आवश्यक विपद सामाग्री व्यवस्थापन गरिनेछ।
५. विपद पश्चात हुने जोखिमलाई न्यूनिकरण गर्न र खोज, उद्धार तथा राहतका कार्यक्रमलाई प्रभावकारी बनाउन विपद प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
६. सुरक्षित आवासको प्रत्याभूति दिलाउन खरको छाना विस्थापन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

**छ) खानेपानी तथा सरसफाइ**

१. सिद्ध कुमाख गाउँपालिकाको पालिका स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता WASH Plan अनुसार फिनल्याण्ड सरकारसँगको साझेदारीमा गाउँपालिका भित्र आवश्यक सवै ठाउँमा खानेपानी तथा सरसफाइका कार्यक्रम वृहत रुपमा संचालन गरी आबश्यक टोल वस्तीमा आधारभूत स्तरको खानेपानी तथा सरसफाइमा सम्पुर्ण जनताको पहुँच सुनिस्चित गरिनेछ ।
२. संघिय खानेपानी आयोजनासँग गाउँपालिकाले साझेदारी गरी निर्माण भइरहेको वृहत सिद्ध कुमाख खानेपानी आयोजना सम्पन्न गरी सवै नागरीकलाई स्वच्छ खानेपानीको पहुँचमा ल्याइनेछ ।
३. पूर्णसरसफाईको राष्ट्रिय कार्यक्रम सफल बनाउन पहिलो चरण अन्तर्गत बजार उन्मुख ढोरचौर बजार क्षेत्र लगाएत सिद्ध कुमाख गाउपालिकाका सार्वजनिक स्थलहरुमा बाताबरणीय सरसफाइ,तथा घरायसी,व्यक्तिगत सरसफाई झल्काउने चित्र सहितका होर्डिंग बोर्डहरु राखिने छ ।
४. उपभोक्ता हरुलाई शुद्ध पिउने पानीको प्रबन्ध गर्न पुरानो खानेपानीका योजनाहरु लाइ मर्मत गरि सुरक्षित गर्ने अर्थात पानी सुरक्षा योजनाहरु संचालन गरिनेछ ।
५. खानेपानी योजना सञ्चालन गर्नुपूर्व खानेपानीको मुहान दर्ता,नबिकरण गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
६. खानेपानी उपभोक्ता समितिहरु मार्फत गुणस्तरीय काम गर्नको लागि योजना कार्यान्वयन पूर्व क्षमता बिकासका तालिमहरु प्रदान गरिने छ ।
७. आ.व. २०८३/८४ मा यस सिद्ध कुमाख गाउँपालिका अन्तर्गत दिगो खानेपानी तथा सरसफाइ परियोजना (SUSWA)मार्फत संचालन गरिने खानेपानी तथा सरसफाइ योजना

तथा क्रियाकलापहरु संचालन गर्न निर्माण गरिएको समपुरक कोष (Matching Fund) लाई निरन्तरता प्रदान गरिनेछ।

८. सामुदायिक बिद्यालय हरुको सरसफाइ र सबै बालबालिकाको समान र सहज पँहुचमा ध्यान दिदै बालमैत्री सौचालय निर्माणलाइ यसबर्ष पनि प्राथामिकता दिइने छ ।

९. पूर्ण सरसफाईलाइ सघन रुपमा अगाडी बढाउनका लागी सबै टोल बस्तीहरुका आमा समुह, सरसफाई कार्यदल,बिद्यालय, धामीझाक्री समुह तथा आम नागरिक सबैलाई परिचालन गरि पूर्ण सरसफाई टोल बनाउने कार्यलाई यस बर्षपनि बजेट बिनियोजन गरि परिचालन गरिनेछ ।

१०. सिद्ध कुमाख गाउँपालिकामा वास इकाई स्थापनाका लागि संगठन तथा ब्यबस्थापन सर्वेक्षण प्रतिबेदन O&M तयार गरि कार्यन्वयनका लागि सम्बन्धित निकायसँग आवश्यक पहल गर्ने नीति लिइनेछ ।

## ज) रोजगार, सिप लघु तथा उद्यमशिलता

१. सार्वजनिक, निजी र सहकारी क्षेत्रसँग समन्वय र सहकार्य गरी रोजगारीका अवसरहरु सिर्जना गरिनेछ। वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको परिवारका सदस्यहरुको क्षमता अभिवृद्धि गरि उद्यमशिलता प्रवर्द्दन गरिनेछ।

२. स्वदेश तथा विदेशमा सम्मानजनक रोजगारीका लागि दक्ष र सीपयुक्त जनशक्ति उत्पादन गर्ने गरि नीति लिईनेछ।

३. डिजिटल प्रविधिमा युवाहरुको पहुँच अभिवृद्दि गर्ने गरि उद्यमशिलता प्रवर्द्दन गर्नको लागि युथ डिजिटल लिटेरेसी तालिम संचालन गरिनेछ।

४. गाँउपालिकाका विषयगत शाखा, उद्यम विकास कार्यक्रम (मेडपा), राष्ट्रिय रोजगार प्रवर्द्दन कार्यक्रम लगायत अन्य विकास साझेदारसंग समन्वय र साझेदारी गर्दै यस गाउँपालिका मार्फत संचालन गरिने सवै प्रकारका सीप विकास तालिमहरुलाई एकिकृत गरि सीप स्कूलको अवधारणाबाट सीप विकास तालिम संचालन गरिनेछ।

५. औपचारिक, अनौपचारिक, परम्परागत रुपमा सिकेका सिपहरुको पुर्व सिकाई मान्यता विधि(RPL)बाट सीप परिक्षण संकलन तथा प्रमाणीकरण गरिनेछ |

६. आन्तरिक र वाहिरी बजार पहिचान गरि स्थानीय उत्पादनको प्रवर्द्दनका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७. बजार माग अनुरुप तालिम संचालन गरि प्रविधि हस्तान्तरणको नीति लिईनेछ।

८. बैंक तथा वित्तीय सँघ संस्थासँग समन्वयमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ.

९. युवा उद्यमीहरुलाई आन्तरिक रोजगारी प्रवर्द्दन गर्नको लागि हौसला प्रदान गर्ने गरि नव प्रवर्द्दन कार्यक्रमको रुपम स्टार्ट अप कार्यक्रम संचालन गरिनेछ।

## झ) बहुक्षेत्रिय पोषण कार्यक्रम

१. बहुक्षेत्रीय पोषण योजना तेश्रो (MSNP-III) लाई प्रभावकारी कार्यान्वयन गरिनेछ र स्थानीय तहको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रणालीमा संस्थागत गरिनेछ।

२. पालिका तथा वडा स्तरका पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिहरू तथा समन्वय सहजीकरण समितिलाई नियमित र प्रभावकारी रूपमा सञ्चालन गरिने छ।

३. पोषणमैत्री स्थानीय शासन (NFLG) अवलम्बन तथा घोषणा र कार्यान्वयनलाई प्राथमिकता दिइनेछ ।साथै पोषणमैत्री स्वास्थ्य संस्था (NFHF) को स्थापना तथा विस्तार गरिनेछ।

४. पोषणसम्बन्धी तथ्यांक व्यवस्थापन गरी पोषण प्रोफाइल तयार गरिनेछ।

५. गर्भवती महिला, सुत्केरी आमा, किशोरी तथा २ वर्षमुनिका बालबालिकाको पोषण सुधारलाई विशेष रुपमा प्राथमिकता दिइ कार्यान्वयन गरिनेछ।

६. बाल वृद्धि अनुगमन, स्तनपान प्रवर्द्धन तथा पूरक आहार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। साना किसान, महिला तथा विपन्न परिवारलाई पोषण संवेदनशील कृषि कार्यक्रमसँग जोडिने छ।

७. विद्यालयमा पोषण शिक्षा तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ। साथै विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय तथा पोषणयुक्त खाद्य पदार्थको प्रयोगलाई प्राथमिकता दिइने छ।

८. सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सम्बन्धी कार्यक्रमलाई पोषणसँग एकीकृत गरी सञ्चालन गरिनेछ।

९. १००० दिनका आमा तथा विपन्न परिवारका लागि आयआर्जन अनुदानलाई प्रभाकारी कार्यन्वयन तथा अनुगमन गरिनेछ र जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ।

१०. पोषणसम्बन्धी कार्यक्रमहरूमा विषयगत शाखाहरूको सहकार्य र लागत साझेदारीको व्यवस्था गरिनेछ।

११. गाउँपालिकामा आउने मातृ तथा नवजात शिशुको सहजताको लागि पालिकामा स्तनपान कक्ष र पोषण सम्वन्धिको सूचना झल्काउने पोषण कर्नरको व्यवस्था गरिनेछ ।

### ञ) सुशासन र सार्वजनिक सेवा तथा क्षमता विकास

१. यस सिद्व कुमाख गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्रि, जनमैत्रि, पारदर्शी र सुशासनयुक्त बनाउन कर्मचारीहरुमा सूचना प्रविधि सम्वन्धि क्षमता अभिवृद्बि तथा आवश्यक तालिमको व्यवस्था गरिनेछ।

२. नागरिकको सेवा प्रवाह सँग जोडिएका सुचनाहरु चुस्तदुरुस्त रुपमा कार्यतालिका अनुसार स्वतः प्रकाशन गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।

३. उच्च मनोवलका साथ शिक्षण सिकाइ क्रियालाप र सार्वजनिक सेवा प्रवाहमा गूणस्तर अभिवृद्धिका लागि गाउँपालिका अन्तर्गतका शिक्षक तथा कर्मचारीहरुलाई कार्यसम्पानमा आधारित प्रोत्साहन पद्धतिको विकास गर्न कार्यविधि बनाइ सम्मान गरिनेछ ।

४. स्थानीय शासन कार्यसम्पादन प्रणाली(LGPAS) लाई समयमै अध्यावधिक गरी मूल्यांकन प्रणालीलाई व्यवस्थित गरिनेछ।

५. स्थानीय स्तरमा उत्पन्न हुने द्वन्द र विवादलाइ न्यूनीकरण गर्न हरेक वडामा मेलमिलाप केन्द्र व्यवस्थित गरी सूचिकृत मेलमिलापकर्ताहरु द्वारा छिटो छरितो र सर्भसुलभ रुपमा न्यायिक निरुपन गराइनेछ ।साथै विद्यालय स्तरमै न्याय सम्वन्धि जनचेतनामूलक कार्यक्रम संचालन गरी समाजमा उत्पन्न हुने विवादलाई न्यूनीकरण गर्न पहल गरिनेछ ।

६. आगामी आ.वको बजेटमा पुँजीगत खर्च क्षमता बढाउने, चालु खर्च घटाउने तथा प्रशासनिक खर्च कटाउने नीतिलाई निरन्तरता दिइने छ ।

७. स्थानीय सरकार संचालन, योजना तर्जुमा लगायतका विषयमा निर्वाचित जनप्रतिनिधिहरुलाई क्षमता विकास सम्बन्धी तालिम संचालन गरिनेछ ।

८. भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीति लिई सार्वजनिक सेवा प्रवाहमा सर्वसुलभ, छरितो र प्रविधिमैत्री वनाइनेछ ।

९. जेष्ठ नागरिक, अशक्त र अपाङ्गता भएका व्यक्तिहरुका समस्यालाई मध्यनजर गर्दै पालिका र लक्ष्मी सनराइज बैकको समन्वयमा सामाजिक सुरक्षा भत्ता वितरण घुम्ती सिविरलाई निरन्तरता दिइनेछ ।

१०. समयमा नै व्यक्तिगत घटना दर्ता गर्ने कार्यलाई प्रबर्धन गर्नका लागि व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने, जनप्रतिनिधि तथा स्थानीय पञ्जिकाधिकारीहरुलाई घटना दर्ता सम्वन्धि क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११. सामाजिक सुरक्षा भत्ता र राष्ट्रिय परिचयपत्रको भेरिफिकेसन गर्नका लागि वायोमेट्रिक डिभाइस र IRIS Device खरिद गरी जडान तथा शिविर सञ्चालन गरिनेछ ।

## ठ) गैर सरकारी संस्था

१. गाउँपालिकाको विकास साझेदारको रुपमा आउने गैर सरकारी संस्थालाई कार्य सम्पादनको आधरमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।गैर सरकारी संस्थालाई गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम सँग आवद्ध गरी एकद्धार प्रणालीबाट लगिनेछ ।

२. गैर सरकारी संस्थाले आफुले गर्ने काम बजेट लगायतका आवश्यक विवरण गाउँपालिकामा पेश गर्नु पर्ने, कार्य संचालन गर्नु पुर्व स्वीकृति अनुमति लिनु पर्ने व्यवस्थाहरु रुपमा कार्यान्वयनमा ल्याइनुपर्ने नीतिलाई अङगिकार गरिनेछ ।

**यस सभाका उपाध्यक्ष, सचिव तथा सभा सदस्यज्यूहरु,**

यस गाउँपालिकाको आ.व. २०८३/८४ को वार्षिक नीति र कार्यक्रमहरु तयारीको क्रममा विभिन्न चरणमा आफ्नो अमूल्य सुझाव, सल्लाह र सहयोग गर्नुहुने गाउँपालिकाका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरु, गाउँकार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, गाउँपालिकाका विभिन्न शाखाका प्रमुख लगायत कर्मचारीहरु, राजनीतिक दलका प्रतिनिधिहरु, विभिन्न गैर सरकारी संस्थाका प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार मित्र तथा सुरक्षाकर्मी मित्रहरुहरु लगायत सिद्धकुमाख गाउँपालिकाका सम्पूर्ण जनसमुदायहरुमा समेत हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

भरत गिरी

अध्यक्ष

**मिति २०८३ असार ७ गते**